

के तपाईको घर पानीले रसाएको छ ?

अब चिन्ता नगर्नुहोस !

चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १00% ग्यारेन्टीका साथ समस्यको समाधान ।

सम्पर्क: प्रगति ट्रेड कन्सर्न

रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)

0६१-५७८0९९, ९८५६0२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा

कलर भिजिटिङ कार्ड साथै

तुरून्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा

सम्पर्क:

0६१-५७0६५१, ९८५६0७५५७५



❑ वर्ष २४ ❑ अङ्क ३२२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० पुस १ गते आइतबार ❑ 17 Dec. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–


## 'चुनावको होइन देशको चिन्ता गरौँ'

**पोखरापत्र संवाददाता**
पोखरा, ३० मंसिर

नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्माले राजनीतिक दलहरूले चुनावको नभई देशको चिन्ता गर्नुपर्ने बताउनुभएको छ।

कांग्रेस प्रतिनिधिसभा क्षेत्रीय कार्यसमिति क्षेत्र नं २ बागलुङको क्षेत्रीय सम्मेलनमा बोल्दै उहाँले देशलाई समुन्नतिको यात्रामा अगाडि बढाउनुपर्ने आजको आवश्यता रहेको औँल्याउनुभयो।




"कतिपय दलहरूले अहिले मिसन ८४ भनेर अभियान चलाइरहनुभएको छ, त्यो भनेको के हो ?", महामन्त्री शर्माले भन्नुभयो, "२०८० मा गर्ने कामको बारेमा कुरा गरौं, २०८१ मा गर्न सक्ने कामबारे दलहरूबीच छलफल गरौं ।" उहाँले असल विद्यार्थीले पढाइमा ध्यान दिने तर परीक्षाको चिन्ता नलिने दृष्टान्त सुनाउनुभयो । महामन्त्री शर्माले कांग्रेस 'मिसन ०८४'को अभियानमा नरहेको बताउनुभयो।

कांग्रेसले देशको जितलाई सधैँ केन्द्रमा राख्ने उहाँले बताउनुभयो । "देशको जितको खोजी प्रमुख कुरा हो, कांग्रेसको जित महत्त्वपूर्ण कुरा होइन", उहाँले भन्नुभयो, "अहिले देशको मुद्दा प्रगतिको बाटो हो, समुन्नति हो ।" उहाँले कांग्रेस समयले मात्र जेठो नभई सिद्धान्तले पनि जेठो पार्टी रहेको भन्दै सबै दलसँग सहकार्य गरेर अगाडि बढ्ने उल्लेख गर्नुभयो।

## 'दुर्गम ठाउँलाई प्राथमिकतामा राखेर काम गरेका छौँ'

**पोखरापत्र संवाददाता**
बागलुङ, ३० मंसिर

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले दुर्गम ठाउँलाई प्राथमिकतामा राखेर विकास निर्माणका काम अगाडि बढाएको बताउनुभएको छ।

बागलुङको गलकोट नगरपालिका-१० पाण्डवखानीमा शनिबार आयोजित पाण्डवखानी माविको हिरक जयन्तीलाई सम्बोधन गर्दै उहाँले अब दुर्गम गाउँका नागरिकले पहिलेको जस्तो दुःख नपाउने बताउनुभयो। पछिल्लो समय ग्रामीण क्षेत्रबाट बसाइँसराइ गरी बजार झर्ने र विदेश पलायन हुनेको सङ्ख्या बढ्दै गएपछि अब प्रदेश सरकारले गाउँमै रोजगार सिर्जना गरी आफ्नै ठाउँमा बस्ने वातावरण तयार गर्ने मुख्यमन्त्री पाण्डेको भनाइ छ।



गाउँका सबै विद्यालयको स्तरवृद्धि गरी प्राविधिसँग जोड्ने गरी काम गरिरहेको उहाँले बताउनुभयो।

"सहरबजारको नजिकका गाउँठाउँमा विकास भएको छ, तर सदियौँदेखि विकट मानिदै आएका ठाउँ अहिले पनि विकटै छन्, त्यस्ता ठाउँलाई प्रदेश सरकारले मुख्य प्राथमिकतामा राखेको छ, अब हरेक नागरिकलाई उत्पादनसँग जोड्ने कार्यक्रम ल्याइरहेका छौँ", मुख्यमन्त्री पाण्डेले भन्नुभयो, "मुलुकलाई गाली गरे विकास हुँदैन, विकासका लागि सबै नागरिकले सरकारलाई साथ दिनुपर्छ, विकास हुँदै भएन भन्नु गलत हो ।" अब हरेक युवा गाउँमै बस्ने बनाउनका लागि प्रदेश सरकारले उनीहरूले चाहेको पेसामा लाग्न प्रोत्साहन गर्ने र अनुदान तथा बजारीकरणको व्यवस्था गरिदिने पाण्डेले बताउनुभयो । विकास निर्माणका सन्दर्भमा स्थानीय तह, प्रदेश सरकार र केन्द्र सरकारबीच समन्वयको जरुरी रहेको भन्दै प्रदेश सरकारले सानातिना योजनाका काम नगर्ने उहाँ बताउनुहुन्छ । साना योजना पालिका, मध्यम खालका प्रदेश र ठूला योजना केन्द्र सरकारले सञ्चालन गर्नुपर्नेमा मुख्यमन्त्री पाण्डेले जोड दिनुभयो।

प्रदेश सरकारले पालिका, वडा र प्रदेश जोड्ने सडक निर्माण गर्ने भन्दै, स्थानीय पालिकाले स्रोत पहिचान गरी आन्तरिक स्रोत बढाउनतर्फ लाग्नुपर्ने उहाँले बताउनुभयो।

## 'गाँजा खेतीलाई वैधानिकता दिनुपर्छ'

**पोखरापत्र संवाददाता**
पोखरा, ३० मंसिर

गण्डकी प्रदेशका उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री दीपेन्द्रबहादुर थापाले गाँजा खेतीलाई वैधानिकता दिनुपर्ने बताउनुभएको छ।

नेपाली कांग्रेस प्रतिनिधिसभा क्षेत्रीय कार्यसमिति क्षेत्र नं २ बागलुङको क्षेत्रीय सम्मेलनमा प्रदेश सरकारले गाँजा खेतीसम्बन्धी ऐन ल्याउने तयारी गरिरहेको मन्त्री थापाले उल्लेख गर्नुभयो । "रोजगारी सिर्जना र आर्थिक विकासका लागि गाँजा खेतीलाई वैधानिकता दिनुपर्छ, प्रदेश सरकारले गाँजा खेतीको सम्भाव्यता अध्ययनका लागि समितिसमेत गठन गरेको छ", मन्त्री थापाले भन्नुभयो, "प्रदेशले गाँजा खेतीसम्बन्धी ऐन बनाउँछ, पछि सङ्घीय ऐन बनेर कानुन बाझियो भने सोहीअनुसार प्रदेश सरकार अगाडि बढ्छ ।" मन्त्री थापाले घरेलु मदिरालाई पनि गुणस्तर र मापदण्ड कायम गरेर उत्पादन र बजारीकरणलाई खुला गर्नुपर्ने धारणा राख्नुभयो।




उहाँले वनमा आधारित उद्यम विकास प्रदेश सरकारको प्राथमिकतामा रहेको बताउनुभयो । उहाँले विदेशबाट काठ निर्यात गर्नुपर्ने अवस्थाको अन्त्य गरिने उल्लेख गर्नुभयो।

जडीबुटी सङ्कलन, प्रशोधन र उत्पादन सहज हुनेगरी ऐन ल्याइएको मन्त्री थापाले बताउनुभयो । उहाँले सङ्घीयताको औचित्य पुष्टि गर्नेगरी तीनै तहका सरकारले काम गर्नुपर्ने बताउनुभयो । मन्त्री थापाले जनताप्रति उत्तरदायी भएर जनप्रतिनिधिले काम गर्नुपर्ने धारणा राख्नुभयो।

## गण्डकी प्रज्ञा-प्रतिष्ठान प्राज्ञ सभाको छैटौं पूर्ण बैठक

**पोखरापत्र संवाददाता**
पोखरा, ३० मंसिर

गण्डकी प्रज्ञा-प्रतिष्ठानको छैटौं पूर्ण बैठक सम्पन्न भएको छ।

कास्कीको पर्यटकिय गाउँ ताङतिङमा मंसिर २९ र ३० गते आयोजित बैठकले प्रतिष्ठानको विनियमावली संशोधन सहित पारित गर्नुका साथै थप केही महत्वपूर्ण निर्णय गरेको सदस्य सचिव मनकुमार श्रेष्ठले जानकारी दिए । 'गण्डकी प्रज्ञा-प्रतिष्ठानको छैठौं पूर्ण बैठक भव्यताका साथ कास्कीको ताङतिङमा सम्पन्न गर्‍यौं, बैठकले विनियमावली संशोधन प्रस्ताव सर्वसहमतिले पारित गरेको छ' उनले भने।




बैठकमा प्रतिष्ठानले गरेका कामको मुल्याकंन तथा आगामी कार्यक्रमलाई थप प्रभावकारी कसरी बनाउन सकिन्छ भनेर घनीभूत छलफल भएको समेत सदस्यसचिव श्रेष्ठले बताए । प्रतिष्ठानले निर्धारण गरेका कार्यक्रमलाई सफलतापूर्वक सम्पन्न गर्नको लागि कार्यविभाजन समेत गरिएको उनको भनाई छ। सबैको साथ सहयोगको कारण प्रतिष्ठानले आफ्ना गतिविधि प्रभावकारी ढंगले अगाडि बढाउन सफल भएको कुलपति सुर्य खड्का विखर्चीले बताए। यो वर्ष गर्ने तय भएर बाँकी रहेका कार्यक्रमलाई समेत समयमानै सम्पन्न गर्न सबैको साथ पाउने उनको विश्वास छ। विम्बकवि तथा प्राज्ञ रमेश श्रेष्ठले प्रतिष्ठानले हालसम्म गरिरहेका गतिविधि उत्कृष्ट रहेका भन्दै यो लयलाई निरन्तर अगाडि बढाउन आग्रह गरें । गण्डकी प्रदेश प्राकृतिक रुपमा बेग्लै विशेषता बोकेको प्रदेश भएको कारण समेत यहाँ गर्ने गतिविधिले देशमानै ठुलो अर्थ राख्ने उनको भनाई थियो । हालसम्म भए गरेका कार्यक्रमको बारेमा छलफल, विनियामलीमा संशोधन सहितका कार्य गरिएकोले अब आयोजना हुने कार्यक्रमलाई प्रभावकारी बनाउन यसले महत्वपूर्ण भूमिका खेल्ने प्रतिष्ठानका उपकुलपति एवं विनियमावली संशोधन समितिका संयोजक गोरे गुरुङले विश्वास व्यक्त गरें। गण्डकी प्रज्ञा-प्रतिष्ठान कला साहित्य संगीत र संस्कृतिको वृत्ति विकास प्रर्वद्धन र सम्वर्द्धन तथा मौलीक संस्कृतिलाई पुस्ता हस्तान्तरणको निमित्त स्थापना भएको थियो। २०७८ बैशाख १५ गते स्थापना भएको प्रतिष्ठानले सिमित श्रोत साधनका बाबजुत महत्वपूर्ण कार्यक्रम मार्फत कला,


बाँकी अन्तिम पृष्ठमा ▶▶








# हार्दिक बधाई



**श्री लोकबहादुर कार्की**

यहि मंसिर २९ गते शुक्रबार सम्पन्न माध्यमिक विद्यालय शैक्षिक कल्याणकारी कोष कास्कीको **१२ औं वार्षिक साधारण सभा**का अवसरमा कास्की जिल्लाका सामुदायिक विद्यालयका व्यवस्थापन समितिका अध्यक्षहरूमध्येबाट यस **श्री भद्रकाली माध्यमिक विद्यालय कुँडहर, पोखरा १३** का व्यवस्थापन समितिका **अध्यक्ष श्री लोकबहादुर कार्की** उत्कृष्ट अध्यक्षका रूपमा सम्मानित हुनुभएको अवसरमा हार्दिक बधाई ज्ञापन गर्दै उत्तरोत्तर उन्नतिको शुभकामना प्रकट गर्दछौं।

**विद्यालय परिवार**
**भद्रकाली माध्यमिक विद्यालय**
**पोखरा-१३, कुँडहर**

# व्यापार मेलामा अवलोकनकर्ताको भीड

**पोखरापत्र संवाददाता**
पोखरा, ३० मंसिर

पोखराको नयाँबजारस्थित प्रदर्शनी केन्द्रमा आयोजित राष्ट्रिय औद्योगिक व्यापार मेलामा शनिबार थामिनसक्नुको भीड भयो।

आयोजक संस्था पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष पवनकुमार प्रजापतिले शनिबारमात्र ५० हजार जनाले मेलाको अवलोकन गरेको अनुमान लगाए। 'मेलाको आइतबार समापन हुँदैछ, शनिबार ठूलो संख्यामा अवलोकनकर्ताहरु आउनुभयो,' उनले भने, 'उहाँहरुले अवलोकनमात्र गर्नुभएन, आफूलाई चाहिने सामग्रीहरु पनि किन्नुभयो । उहाँहरुको भव्य र सभ्य उपस्थितिबाट हामी हर्षित छौं । मेलाप्रति आम पोखरेलीले देखाएको सद्भावप्रति म हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहन्छु।'



संघका महासचिव बलराम आचार्यका अनुसार आइतबार अपरान्ह पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यको प्रमुख आतिथ्यतामा मेलाको समापन हुनेछ । उनले शनिबार आयोजित सांगीतिक कार्यक्रम पनि उत्तिकै सफल भएको जिकिर गरे । चर्चित गायक पुरुषोत्तम न्यौपानेदेखि एलिना चौहानसम्मले मेला अवलोकनकर्तालाई भरपुर मनोरञ्जन दिएको उनको भनाइ थियो। आइतबार पनि सांगीतिक कार्यक्रम जारी रहने उनको भनाइ छ। संघका कोषाध्यक्ष दीनेशचन्द्र बास्तोलाका अनुसार मंसिर २१ गतेबाट सुरु भएको मेलास्थलमा रहेका स्टलहरुबाट १० करोड रुपैयाँ बराबरको कारोबार भएको अनुमान गरिएको छ।

'उद्यमशीलता विकास हाम्रो लक्ष्य हो, मेलामा धेरैजसो स्टलहरु प्रवर्द्धनका लागि राखिएका छन् तर पनि गाडीलगायत घरायसी सामानहरुको बिक्रीलाई आधार मानेर हामीले यो अनुमान गरेका हौं,' उनले भने, 'वास्तविक तथ्याङ्क भने मेला समापनपछि मात्र आउनेछ।'

पोखराको नयाँबजारमा जारी राष्ट्रिय औद्योगिक व्यापार मेलाअन्तर्गत आयोजित विद्यालयस्तरीय सामूहिक नृत्य तथा खुल्ला एकल नृत्य प्रतियोगिताको विजेता घोषित गरिएको छ । सामूहिक नृत्यतर्फ शनिबार भएको अन्तिम प्रतिष्पर्धामा अन्य विद्यालयलाई पछाडि पार्दै बेसलाइन एकेडेमीले नगद ४० हजारसहित मेडल र प्रमाणपत्र प्राप्त गरेको छ । प्रतियोगितामा मेरिगोल्ड स्कूल दोस्रो,कास्की मोर्डनाइज्ड तेस्रो र शान्ति निकेतनले सान्त्वना स्थान प्राप्त गरे । ती विद्यालयले. पनि क्रमशः २५ हजार,१५ हजार र १० हजार रुपैयाँ नगदसहित मेडल र प्रमाणपत्र प्राप्त गरेका प्रतियोगिता संयोजक आयोजक संस्था पोखरा उद्योग वीणज्य संघका कार्यसमिति सदस्य प्रेमप्रसाद सुवेदीले जानकारी दिए।

यस्तै,खुल्ला एकल नृत्य प्रतियोगितातर्फ प्रशुन गुरुङ प्रथम,दिप्ती गुरुङ दोस्रो,अनुश्चा गुरुङ तेस्रो र कृतिका मगर र प्रनिता गुरुङले सान्त्वना पुरस्कार प्राप्त गरेका छन्। ३५ जनाभन्दा प्रतिष्पर्धीले भाग लिएको प्रतिगिताका विजेताहरुले क्रमशः १० हजार ,७ हजार ५ हजार र ४/४ हजार रुपैयाँ नगदसहित प्रमाणपत्र प्राप्त गरेका छन् । प्रतियोगतामा बुद्धिप्रसाद गुरुङ,दानबहादुर गुरुङ,गम्भीर बर्देवा र सविन गुरुङ निर्णायक रहेका थिए।

# सबै दल कूटनीतिक मर्यादाप्रति संवेदनशील हुनुपर्छ : अध्यक्ष नेपाल

**रासस**
काठमाडौं, ३० मंसिर

नेकपा (एकीकृत समाजवादी)का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले वैदेशिक हस्तक्षेप भए राष्ट्रिय सुरक्षामा चुनौती आउने बताउनुभएको छ।

पार्टी केन्द्रीय कार्यालय आलोकलनगरमा पार्टी निकट राष्ट्रिय हित सुरक्षा विभागका प्रमुख पुष्पाकुमारी कर्ण नेतृत्वको टोलीले बुझाएको सुरक्षासम्बन्धी अवधारणापत्रसहितको दस्तावेज बुझ्रेपछि अध्यक्ष नेपालले देशको स्वतन्त्रता तथा अखण्डतामा आँच आउन नदिन सबै दल कूटनीतिक मर्यादाप्रति संवेदनशील हुनुपर्नेमा जोड दिनुभयो।

राष्ट्रिय स्वार्थलाई केन्द्रमा राखेर छिमेकी मुलुकसँग पारस्परिक हितका पक्षमा कार्य गर्नुपर्ने बताउँदै उहाँले असंलग्न पञ्चशीलका आधारमा कूटनीतिक सम्बन्ध विकास गर्नुपर्ने बताउनुभयो। विभागले राष्ट्रहित तथा सुरक्षाका लागि अवलम्बन गर्नुपर्ने महत्त्वपूर्ण नीति तथा कार्यक्रमलाई विभिन्न बुँदामा समावेशगरेर अवधारणासहितको दस्तावेज तयार पारेको हो। उक्त दस्तावेजमा देशको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधिनता र स्वाभिमानलाई अक्षुण राख्दै विविधताबीचको एकता, सामाजिक सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण र प्रवर्द्धन गर्ने विषयलाई सुझाइएको छ।

नेपालीको हकहितको रक्षा, सिमानाको सुरक्षाका साथै आर्थिक समृद्धि र सामाजिक न्याय सुनिश्चित गरी समतामूलक समाज निर्माण गर्न दस्तावेजले सहयोग गर्ने विभागका अध्यक्ष कर्णले जानकारी दिनुभयो।

विभागले सीमा सुरक्षा, आन्तरिक सुरक्षा, कूटनीति र परराष्ट्र नीतिका सम्बन्धमा, छिमेकी र अन्य मित्र राष्ट्रबीचको सम्बन्धमा, राष्ट्रिय हित, विकासका सम्बन्धमा र गैरआवासीय नेपालीका सम्बन्धमा महत्त्वपूर्ण सुझाव अवधारणापत्रमा समावेश गरिएको छ।

# सातौँ दक्षिण एसियालीमा पदक जित्ने खेलाडी सम्मानित

**रासस**
काठमाडौं, ३० मंसिर

सातौँ दक्षिण एसियाली करातेका पदक विजेता चितवनका दुई खेलाडी र प्रशिक्षक सम्मानित भएका छन्।

नेपाल सितोरियो कराते सङ्घ भरतपुर महानगर समितिले प्रतियोगितामा स्वर्ण पदक जित्न सफल पार्वती गुरुङ र रजत पदक विजेता निक्षा थापा मगरलाई नगदसहित सम्मान गरेको हो । यस्तै प्रशिक्षक दुर्गा कुमाललाई पनि सङ्घले नगदसहित सम्मान गरेको छ।

सङ्घले शनिबार एक कार्यक्रमकाबीच पदक विजेता पार्वती र निक्षालाई जनही रु १०-१० हजार र सम्मानपत्रले सम्मान गरेको हो । यस्तै प्रशिक्षक कुमाललाई रु पाँच हजारसहित सम्मान गरिएको सङ्घका अध्यक्ष राजन कार्कीले जानकारी दिनुभयो।

पार्वतीले २१ वर्षमुनि ४५ केजी तौल समूहमा नेपालका लागि स्वर्ण पदक जित्न सफल हुनुभएको थियो । यस्तै निक्षाले २१ वर्षमुनि ४० केजी तौल समूहमा रजत पदक जित्नुभएको थियो । राष्ट्रका लागि पदक जितेका खेलाडीलाई हसौला प्रदान गर्नका लागि सम्मान गरिएको सङ्घका अध्यक्ष कार्कीको भनाइ छ । सितोरियो कराते सङ्घ बागमती प्रदेश अध्यक्ष गगन लामा प्रमुख आतिथि रहेको कार्यक्रममा भरतपुर महानगरपालिका-१ का वडाध्यक्ष केशव महर्जन, ट्राफिक प्रहरी कार्यलय बागमती प्रदेशका उपप्रमुख श्रीराम भण्डारी, नेपाल सितोरियो कराते सङ्घ चितवनका अध्यक्ष चित्रबहादुर राना, सङ्घ जिल्ला कार्यसमिति र भरतपुर महानगर समितिका पदाधिकारीहरूको उपस्थिति रहेको थियो।

# क्योकुशिनकानको पेटी परीक्षा सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, ३० मंसिर

नेपाल क्योकुशिनकान कराँते संघ कास्कीको आयोजनामा शनिबार पेटी परीक्षा सम्पन्न भएको छ।

करिब २ सय परीक्षार्थीले पेटी परीक्षा दिएका छन्। कास्की जिल्लामा रहेका रंगशाला डोजो, लेखनाथ डोजो, पिएन डोजो, बागमारा डोजो, भण्डारढिक डोजो लगायतका डोजोका खेलाडी सहभागी भएको नेपाल क्योकुशिन कराँते संघ कास्की अध्यक्ष लक्ष्मण कुवँरले जानकारी दिए।



सेतो पेटीबाट पहेँलोमा जाने, पहेँलोबाट वरेन्ज पेटीमा जाने, वरेन्जबाट हरियो पेटीमा जाने, हरियोबाट निलो पेटीमा जाने, निलोबाट खैरो पेटीमा जाने र खैरो पेटीको तह घटाउनको लागि खेलाडीले पेटी परीक्षा दिएका हुन्।

कास्की जिल्ला खेलकुद विकास समितिका अध्यक्ष तोरण बानियाँले खेलमा लाग्नेको भविष्य राम्रो रहेको बताए। उनले पेटी परीक्षामा सहभागीलाई शुभकामना दिए । संघका प्रदेश प्रमुख दिपक गोदार खेलले अनुशासन सिकाउने बताए।

# विश्वमै चर्चित मुआथाई खेल पोखरामा हुँदै

**पोखरापत्र संवाददाता**
पोखरा, ३० मंसिर

पोखरामा आगामी पुस ९ गते मुवाँथाई च्याम्पियनसिप हुने भएको छ।

प्रदेश खेलकुद परिषद् गण्डकीको आयोजना तथा नेपाल मुवाँथाई अर्गनाइजेसनको संयोजनमा विश्वमै लोकप्रिय बन्दै गइरहेको मुवाँथाईको खेल पोखरामा हुने भएको हो । मार्सलआर्ट अन्तरगतको मुआथाई व्यवसायीक फाइट हो। उक्त प्रतियोगितामा सहभागि हुने सबै खेलाडीले नगद प्राप्त गर्नेछन् । 'क्रिसमस डे' को अवसर पारेर लेकसाइडमा आयोजना हुन लागेको प्रतियोगितामा नेपालका १९ क्लबका ३२ जना व्यवसायिक फाइटरहरुको सहभागिता रहने छ । प्रतियोगितामा कुल १६ फाइट हुनेछ । प्रतियोगिता संयोजक खगेन्द्र क्षेत्रीले दर्शकका लागि निशुल्क रहेको उक्त खेल पर्यटकीय क्षेत्र लेकसाइडमा हुनेछ । 'यो व्यवसायिक फाइट हो। यहाँ सबै फाइटर छनोट भएर आएका छन् । थुप्रै क्लबहरुले खेलाडी दर्ता गराएपनि हामीले नेपालमा प्रोफेसन रहेको फाइटर हरुलाई मात्र समेटेका छौं' उनले भने, 'मुआथाईको प्रचार गर्नु हाम्रो मुख्य उदेश्य हो। अझ यसलाई लेकसाइडमा गर्नु भनेको बाह्य पर्यटकलाई आकर्षित गर्नुपनि हो ।' विदेशीहरुले फाइट गेम निकै मन पराउने र लेकसाइडमा गर्दा खेलसँगै पर्यटक प्रवर्द्धनमा समेत टेवा पुग्नेछ । उनका अनुसार खेलाडीहरुका लागि खाना, बस्न र आवश्यक खेल पोशाकको समेत आयोजकले नै व्यवस्था गर्नेछ। प्रतियोगितामा एमेचर, सेमी प्रो (प्रोफेसनल) र प्रो फाइट (प्रोफेसनल फाइट) गरि तीन विधामा खेल हुनेछन्। वान फाइट सिस्टम अनुसार हुने फाइटमा खेलाडीले एक खेलमात्रै खेल्ने क्षेत्रीले जानकारी दिए। पछिल्लो समय मुवाँथाईको लोकप्रिय विश्वमा बढ्दै गइरहेको छ । नेपालमा मुवाँथाईको व्यवसायिक खेलाडी उत्पादन गर्ने समेत लक्ष्य रहेको छ। प्रतियोगितामा खेलाडीहरुको विमा समेत आयोजकले गरेको छ । नेपाल राष्ट्रिय मुवाँथाई संघको प्राविधिक सहयोग रहेको छ। कार्यक्रममा विभिन्न व्यावसायिक प्रतिष्ठान तथा व्यक्तिहरुको सहयोग रहेको छ।




# नेपालले मानवतासम्बन्धी नयाँ सन्देश दिँदैछ : प्रधानमन्त्री दाहाल

**रासस**
काठमाडौं, ३० मंसिर


प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले नेपालले विश्व समुदायलाई मानवतासम्बन्धी नयाँ सन्देश दिने विश्वास व्यक्त गर्नुभएको छ।

मकवानपुरको हेटौँडामा शनिबार मानवसेवा आश्रमको मुख्य कार्यालयको उद्घाटन गदै उहाँले मानवतासम्बन्धी सन्देशबाट नेपाललाई चिनाउन सकिने बताउनुभयो । "विश्वलाई शान्तिको सन्देश दिएको नेपालले मानवतासम्बन्धी नयाँ सन्देश दिन सक्छ । मानव सेवामा समर्पित व्यक्तिको निरन्तरको प्रयासबाट यो सम्भव छ", प्रधानमन्त्री दाहालले भन्नुभयो, "शान्तिको सन्देश पनि नेपालले नै दियो। मानवतासम्बन्धी सन्देश नेपालबाट दिन सक्छौँ । यहीबाट नेपाललाई चिनाउन सकिन्छ ।" मानवताभन्दा ठूलो धर्म केही नरहेको उल्लेख गदै उहाँले मानवीय सेवामा लाग्न सम्पूर्ण नेपालीलाई आग्रह गर्नुभयो। "विभिन्न धर्म, राजनीतिक वाद, जे जे भनिए पनि ती सबै मानव सेवाका लागि ल्याइएको हो । कुनै पनि रूपमा विभाजित नभएर एकताबद्ध भएर मानव सेवामा लाग्नुहोला, असहायलाई सहयोग गर्नु सबैभन्दा ठूलो धर्म हो", प्रधानमन्त्री दाहालले भन्नुभयो।

# गण्डकी ...

साहित्य, संगीत र संस्कृतिका क्षेत्रमा काम गरिरहेको छ । यो वर्ष निर्धारण गरिएका कुल ४९ वटा कार्यक्रम मध्ये ५० प्रतिशत कार्यक्रम सम्पन्न भैसकेको सदस्य सचिव श्रेठको भनाई छ।

गण्डकी प्रदेश सरकारबाट प्रतिष्ठानको लागि यो आर्थिक वर्ष ०८०/०८१ मा १ करोड ७९ लाख ९८ हजार रुपैयाँ बजेट विनियोजन भएको थियो । विनियोजित बजेट अन्तरगत चालुतर्फ १ करोड ५० लाख ६९ हजार, पुँजीगत तर्फ २९ लाख २९ हजार रहेको छ। सोही बजेटमार्फत प्रतिष्ठानले आफ्ना गतिविधि गर्दै आएको छ।

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

प्यारालाइसिसका बिरामीको उपचार
विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।
प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ।
लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।
सम्पर्कः
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरुषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।
महिलाहरुमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।
मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।
महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार
जाँच्ने समयः प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५
नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

जीवनमा न मनोविनोदको स्थान छ न आँसुको, जीवन त एउटा सेवासदन हो । - लियो टोल्सटोय

## सम्पादकीय

# पालना नभएको सामाजिक सुधार ऐन

'नेपालको कानुन, दैवले जानुन' भन्ने उखान बेला बेलामा चर्चा हुने गर्छ।राज्य सत्ताको उच्च ओहोदामा बसेका व्यक्ति र तीनका परिवारले देखाउने व्यवहार समाचारको विषय बन्छ ।प्रधानमन्त्री पुष्प कमल दाहालको नातिनी भरतपुर महानगरपालिकाको प्रमुख रेनु दाहालकी छोरीको विवाह अहिले सामाजिक संजालमा चर्चाको विषय भएको छ।प्रधानमन्त्री, राष्ट्रपति, राजनितिक दलका नेता देखि राज्यका विभिन्न अंग र निकायमा नेतृत्व गरेकाहरुले गर्ने व्यबहारको चर्चा र टिप्पणी हुनु स्वभाविक हो । उनीहरु समाजका अगुवा भएको हुँदा अरुले पनि त्यसको सिको गर्छन ।

समाजलाई कुन बाटोमा हिडाउने भन्ने भूमिका अगुवाको हुन्छ। विवाह,ब्रतबन्ध, पूजा , पास्नीमा भोज भतेर गर्दा त्यसले समाजमा कस्तो असर पर्छ, कै सन्देश जान्छ भन्ने ख्याल गर्नै पर्छ।समाज परिवर्तनका लागि लडेका र सादगी जीवन जिउनु पर्छ भनी वकालत गर्दै आएकाहरुले आफ्नो मान्यता विपरीतका व्यवहार हुँदा आलोचना हुनु अन्यथा मान्नु हुँदैन । कानुनमा एक थोक व्यवहार अर्कै हुँदा नेतृत्वप्रति अविश्वास बढेर जान्छ । 'सामाजिक व्यवहार सुधार ऐन २०३३' ले जन्ती र बिहे भोजमा आमन्त्रण गरिने मानिसहरूको अधिकतम संख्या तोकेको छ ।

ऐनको दफा ७ मा बाजागाजासहित ५१ जनाभन्दा बढी जन्त लैजान नहुने व्यवस्था छ । उक्त दफाले बाजागाजा प्रयोजनका लागि बोलाइने मानिसहरूको स¤्या पनि ११ जना तोकेको छ। यो कानुनी व्यवस्था उल्लङ्घन गर्नेलाई १०,००० रुपैयाँसम्म जरिवाना र १५ दिनसम्म कैद वा दुवै सजाय गर्न सकिने व्यवस्था छ । त्यस्तै दफा ८ मा दुलाहा वा दुलही पक्षबाट आयोजित भोजमा पनि ५१ जनाभन्दा बढीलाई आमन्त्रण गर्न नपाइने व्यवस्था छ ।

भोजमा बोलाइने मानिसहरू 'नजिकको नातेदार बाहेक' ५१ जना भनिएको छ। भोजमा तोकिएको सीमाभन्दा धेरै बोलाउनेलाई २०,००० रुपैयाँसम्म जरिवाना र १५ दिनसम्म कैद वा दुवै सजाय गर्न सकिने व्यवस्था छ । कानुनमा भएको व्यवस्था समयानुकूल छैन भने परिमार्जन गर्नु पर्छ।ब्यवहारिक बनाउनु पर्छ । यस्तो कानुनी व्यवस्था अव्यावहारिक भएको धेरैको धारणा छ। पञ्चायतकालमा बनेको उक्त ऐन अव्यावहारिक भएको निष्कर्ष नेपालका कानुन निर्माताहरूले पनि निकालेका थिए। तर त्यसमा सुधार नगर्नु कमजोरी हो । कानुन सबैले पालना गर्न सक्ने र समयसापेक्ष हुनुपर्छ । समाजलाई कता डोर्याउने भन्ने अगुवाको भूमिका हुन्छ । समाजमा विभेद नहोस, धनी र गरिबको खाडल कम गर्नुपर्छ भन्ने हो भने सामान्ती र पूँजीवादी संस्कार हटाउनै पर्दछ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : आर्थिक समस्या | तुला | : झमेला बड्ने |
| वृष | : मानसिक तनाब | वृश्चिक | : कार्यमा सफलता |
| मिथुन | : शारीरिक झमेला | धनु | : मन चञ्चल |
| कर्कट | : ब्यापारमा लाभ | मकर | : सहयोग मिल्नेछ |
| सिंह | : अप्रत्यसित लाभ | कुम्भ | : सत्कार मिल्नेछ |
| कन्या | : शत्रुको भय | मीन | : सम्मान मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# लेखनाथ पत्रकार मञ्चको आठौं स्थापना दिवस

**पोखरापत्र संवाददाता**
पोखरा, ३० मंसिर

लेखनाथ पत्रकार मञ्चले आफ्नो आठौं स्थापना दिवस एक कार्यक्रमका बीच आज मनाएको छ ।

पृथ्वी राजमार्गको अर्घौं चोकमा अवस्थित कवि शिरोमणि लेखनाथ पौड्यालको प्रतिमामा माल्यार्पण एवम् सरसफाई गर्दै मञ्चले स्थापना दिवस मनाएको हो ।

कार्यक्रममा अर्घौं बजार ब्यवस्थापन समितिका अध्यक्ष टिकाराम सापकोटाले कवि शिरोमणिकै नाम जोडेर स्थापित मञ्चका कामहरू उहाँप्रति उच्च सम्मान र साहित्यिक क्षेत्रको योगदानलाई थप टेवा पुग्ने गरी गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो।मञ्चकासल्लाहकार एवम् राष्ट्रिय समाचार समिति गण्डकी प्रदेश प्रमुख वासुदेव पौडेलले कविशिरोमणि लेखनाथ पौड्यालको अर्घौंचोकस्थित शालिकको विशिष्ट महत्व रहेको बताउँदै सडक विस्तारका क्रममा यसको विशेष संरक्षण गरिनुर्नेमा जोड दिनुभयो । बृहत् पोखराका नाममा लेखनाथ क्षेत्र पोखरा महानगरपालिकामा समेटिएका अवस्थामा कतै यो क्षेत्र ओझेलमा पर्ने होकी भन्ने भन्ने चासो र चिन्ता बढीरहेको उहाँले बताउनुभयो । लेखनाथ पत्रकार मञ्चका अध्यक्ष कविराज खनालको अध्यक्षता एवम् सचिव विष्णुहरि पौडेलले सञ्चालन गर्नुभएको कार्यक्रममा लेखनाथ क्लबका अध्यक्ष बालगोपाल श्रेष्ठ, मञ्चका निवर्तमान अध्यक्ष भीमपाणि बराल, सल्लाहकार सन्दिप पौडेल लगायतले पत्रकार मञ्चका माध्यमबाट आगामी दिनमा लेखनाथ क्षेत्रको उन्नयनका लागि कलम चलाउन शुभकामना दिनुभयो ।

कवि शिरोमणि लेखनाथ पौड्यालको नाममा साविक लेखनाथ नगरपालिका क्षेत्रमा रही यस क्षेत्रको उन्ननयमा पत्रकारिताका माध्यमबाट योगदान गर्ने सञ्चारकर्मीको साझा संस्थाका रुपमा २०६७ साल पुस २१ गते तत्कालीन राष्ट्रिय समाचार समिति पश्चिमाञ्चल क्षेत्रीय कार्यालय( हालको रासस गण्डकी प्रदेश कार्यालय) नयाँ बजार पोखरामा मञ्चको स्थापना भएको हो । स्थापित मञ्च वि सं २०७३ मंसिर ३० गते विधिवत् जिल्ला प्रशासन कार्यालयमा दर्ता भएको दिनलाई स्थापना दिवसका रुपमा मनाउँदै आइएको छ ।

यसै बीच मञ्चले हरेक वर्ष पुस १५ गते कवि शिरोमणिको जन्मजयन्तीका अवसर पारेर प्रदान गरिने लेखनाथ पत्रकारिता पुरस्कारको प्रतिभा छनौटका लागि समिति गठन गरिएको छ । मञ्चका अध्यक्ष कविराज खनालको संयोजकत्वमा गठित पाँच सदस्यीय समितिमा लेखनाथ उद्योग वाणिज्य संघका अध्यक्ष विनोद श्रेष्ठ, मञ्चका निवर्तमान अध्यक्ष भीमपाणि बराल, सचिव विष्णुहरि पौडेल र सल्लाहकार वासुदेव पौडेल रहनुभएको संघले जनाएको छ ।

# चार पालिकामा राष्ट्रपति रनिङशिल्ड सुरु

**पोखरापत्र संवाददाता**
दमौली, ३० मंसिर

तनहुँका चार पालिकामा राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता सुरु भएको छ । व्यास नगरपालिका, भिमाद नगरपालिका, भानु नगरपालिका र बन्दीपुर गाउँपालिकामा राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता सुरु भएको हो ।

व्यास नगरपालिकाको आयोजना र निर्मल माध्यमिक विद्यालयको व्यवस्थापनमा आजदेखि निर्मल माविको खेलमैदानमा सुरु प्रतियोगिताको नगरप्रमुख वैकुण्ठ न्यौपानेले उद्घाटन गर्नुभयो । सो क्रममा नगरप्रमुख न्यौपानेले खेलकुदले शारीरिक तन्दुरुस्तका अलवा अनुशासन सिकाउने बताउनुभयो । रनिङशिल्डमा छात्रछात्रा भलिबल, कबड्डी, दौड, मार्सल आर्ट, करातेलगायतका खेल सञ्चालन हुने प्रतियोगिताका सदस्यसचिव एवं विद्यालयका प्रधानाध्यापक गणेशचन्द्र बस्नेतले जानकारी दिनुभयो। भिमाद नगरपालिकामा सुरु प्रतियोगिताको उद्घाटन गर्दै नगरप्रमुख दधिराज सुवेदीले विद्यालयस्तरदेखि नै खेलकुदलाई प्राथमिकतामा दिइएको बताउनुभयो । विद्यालयस्तरदेखि नै विद्यार्थीलाई खेलकुदमा सहभागी गराउन सकिए भविष्यमा राम्रो खेलाडी उत्पादनमा सहयोग पुग्ने उहाँको भनाइ छ ।

प्रतियोगितामा छात्रछात्रा भलिबल, छात्रछात्रा कबड्डी, दौड, हाइजम्प, लङजम्प, सटपुटलगायतका खेलमा विद्यार्थीबीच प्रतिस्पर्धा हुने प्रमुख प्रशासकीय अधिकृत मोहनप्रसाद मरासिनीले जानकारी दिनुभयो। भिमाद नगरपालिका-६ रङ्गशालामा सुरु प्रतियोगितामा नगरपालिकाभित्रका सामुदायिक तथा निजी विद्यालयका विद्यार्थीको सहभागिता रहेको छ ।

यस्तै भानु नगरपालिका-२ स्थित ब्राइट फ्युचर युवा क्लबको खेलमैदानमा रनिङशिल्ड सुरु भएको छ । प्रतियोगितामा छात्रछात्रा भलिबल, छात्रछात्रा कबड्डी, दौड, हाइजम्प, लङजम्प, सटपुटलगायतका खेलमा विद्यार्थीको सहभागिता रहेको नगरपालिकाका उपप्रमुख उमा गौतामले जानकारी दिनुभयो । प्रतियोगिताअन्तर्गत होमराज लोहनी माविले तीन स्वर्ण पदक र एक कास्य पदक जितेको छ ।

कालिका माविले तीन स्वर्ण र एक कास्य, राष्ट्रिय माविले एक स्वर्ण, दुई रजत र एक कास्य, त्रिभुवन माविले एक कास्य, जनजागृति माविले एक रजत र दुई कास्य, मनोहर माविले एक कास्य, चोक माविले एक स्वर्ण, दुई रजत र एक कास्य पदक जितेको छ ।

यसअघि जिल्लाका पाँच पालिकामा रनिङशिल्ड सम्पन्न भइसकेको छ । शुक्लागण्डकी नगरपालिका, ऋषिङ गाउँपालिका, घिरिङगाउँपालिका, आँबुखैरेनी गाउँपालिका र म्याग्दे गाउँपालिकामा रनिङशिल्ड सम्पन्न भइसकेको छ भने देवघाट गाउँपालिकामा रनिङशिल्ड हुन बाँकी छ ।

# भद्रकाली सहकारीको पाँचौ वार्षिक साधारण सभा

**पोखरापत्र संवाददाता**
पोखरा, ३० मंसिर



"सामुहिक बचत, आर्थिक समृद्धि , हाम्रो उद्देश्य " भन्ने मुल नाराका साथ २०७६ आषाढ १३ गते स्थापीत भद्रकाली सहकारी संस्था लि.को पाँचौ बार्षिक साधारण शनिवार सम्पन्न भयो ।

पोखरा महानगरपालिका सहकारी समितिका अध्यक्ष रविरमण तिवारीले सभाको उद्घाटन गर्दै समाजमा सहकारिको भुमिका र सहकारी समाजको अभिन्न अङ्ग बनेको भने ।

संस्थाका संस्थापक अध्यक्ष किरणराज घिमिरेले बर्तमान परिप्रक्षेमा सहकारीले झेल्नुपरेका कठिनाई एवं चुनौतिका विषयमा प्रकाश परे । तीन सय आठ जना शेयर सदस्यहरु सभामा उपस्थिति रहेको थियो । भद्रकाली सहकारी संस्था लि.का अध्यक्ष डा. दिपकराम सुबेदीको अध्यक्षतामा भएको कार्यक्रममा शेयर सदस्यहरुको तर्फवाट ज्ञानेन्द्रप्रसादसिग्देल, सम्मानितहरु मध्येवाट शम्बरवहादुर श्रेष्ठ लगायत वोलेको कार्यक्रममा संस्थाका उपाध्यक्ष नरबहादुर गुरुङले स्वागत र सचिव बाबुराम सापकोटाले संचालन गरेका थिए । कार्यक्रममा उत्कृष्ट बचतकर्ता, उत्कृष्ट करोबारकर्ता, उत्कृष्ट कर्मचारी एवं सन्स्थापक अध्यक्षको योगदानको कदर गर्दै सम्मान गरिएको संस्थाका प्रबन्धक मित्रराज घिमिरेले जानकारी दिए ।

# १८ औं जेपी क्रस विद्यालयस्तरिय बास्केटबल पोखरामा जारी

**पोखरापत्र संवाददाता**
पोखरा, ३० मंसिर



१८ औं जेपी क्रस विद्यालयस्तरिय छात्र/छात्रा बास्केटबल पोखरामा शनिबार पनि पोखरा रंगशालाको बास्केटबल कोर्टमा जारी रहेको छ । कास्की जिल्ला बास्केटबल संघको आयोजनामा जारी प्रतियोगिताको दोश्रो दिन छात्रातर्फ ३ र छात्रतर्फ ९ गरि कूल १२ खेल सम्पन्न भएका छन् । लिग कम नक आउटका आधारमा सञ्चालन भएको प्रतियोगितामा छात्रतर्फ सरस्वती आदर्श विद्याश्रम, माउन्ट अन्नपूर्ण, शिसु निकेतन, प्रगती मावि र गोगन मावि तथा छात्रातर्फ गोगन मावि लिग चरणबाट बाहिरिएका छन् ।

शनिबारको खेलमा छात्रतर्फ हिल पोइन्टले माउन्ट अन्नपूर्णलाई ३२-१८ ले, बालकल्याणले स्टेप वाई स्टेपलाई ३९-११ ले, मनकामनाले गोगन माविलाई ४०-३९ ले, गण्डकी वोर्डिङले प्रगतीलाई २६-२१ ले र न्यू ग्यालेक्सीले पोखरा लनर्सलाई ३७-१० ले पराजित गरेको छ । त्यसै गरि छात्रातर्फ प्रगतीले न्यू ग्यालेक्सीलाई १०-४ को स्कोरले पराजित गर्दा बालकल्याणले सरस्वती विद्याश्रमलाई ७-६ को झिनो स्कोरले तथा फिसटेलले एलए सेकेण्डरीलाई २७-० को स्कोरले पराजित गरेको कास्की बास्केटबल संघले जनाएको छ ।

विश्वभर फैलिएको कोभिड १९ को सक्रमणको तिन वर्ष पछि उक्त प्रतियोगिताले निरन्तरता पाएको हो । प्रतियोगितामा छात्र/छात्रा दुबैतर्फको उपाधि विजेताले नगद २०/२० हजार र उपविजेताले नगद रु १५/१५ हजारसहित ट्रफी, मेडल र प्रमाणपत्र पाउनेछन् भने प्रतियोगिताको बेस्ट प्लेयर र हाइस्कोररलाई विशेष आकर्षक पुरस्कार प्रदान गरिने अध्यक्ष कृष्ण गुरुङले जनाए ।

प्रतियोगितामा छात्रतर्फ १९ र छात्रातर्फ ९ गरि कूल २८ टिमको सहभागिता रहेको छ । प्रतियोगिता पौष २ गते सम्म सञ्चालन हुनेछ ।

# ज्यान्डममा 'गोधूलि गीत'को चर्चा

**पोखरापत्र संवाददाता**
पोखरा, ३० मंसिर




साहित्यकार तथा पत्रकार भानु बोखिमको उपन्यास ' गोधूलि गीत' माथि शनिवार पोखरामा चर्चा गरिएको छ ।

ज्यान्डम रिडर्स सोसाइटीको मासिक कार्यक्रमअन्तर्गत १०२ औँ शृङ्खलामा कृतिको परिचर्चा गर्दै पत्रकार तथा साहित्यकार विकास रोका मगरले नेपालमा भएको दसबर्से जनयुद्धको गतिलो दस्तावेज समेटिएको कृतिका रूपमा 'गोधूलि गीत' आएको बताए । "पूर्व ताप्लेजुङका भानु बोखिमले पश्चिम रोल्पा, अझ त्यसमा पनि जनयुद्धको पेरिफेरिको कथा लेख्नु नै स्वागतयोग्य एउटा दुस्साहस गरेका हुन् भन्ने लाग्छ ।" विकासले भने, "अवश्य पनि गोधूलि गीत जनयुद्धको कथा हो, रोल्पाको कथा हो, ईश्वरीको कथा हो । माडीको कथा हो र कथा हो मानबहादुरहरूको ।" विषय प्रस्तुतिमा लेखक कहीँ नचुकेको बताउँदै उनले खास माओवादी के हो र तत्कालीन समयमा रोल्पालीहरू कसरी माओवादी बने, कसरी रणमैदानमा होमिए भन्ने कुरा उपन्यासमा प्रस्ट उल्लेख गरिएको बताए । विषयवस्तुको प्रस्तुति र शैलीका दृष्टिले आधा डुबेको र आधा उत्रेको किताबका रूपमा मगरले उपन्यासको विश्लेषण गरे । उपन्यासकार बोखिमले माओवादी युद्ध हुँदैनथ्यो भने आफू अहिले नेपालबाहिर कतै रहेको हुने जिकिर गरे । "युद्धबाट युद्धमै सहभागी भएकाहरूले वा नेपाली जनताले कत्तिको फाइदा पाए कुन्नि ! तर मैले भने निकै फाइदा लिएँ" युद्धसम्बन्धी कथा प्रतियोगिताबाट छानिएर जागिर खाएको प्रसङ्ग सम्झँदै उनले भने, "युद्धकै विषयमा रिपोर्टिङ र साहित्य लेखन गरेर मैले जीविकोपार्जन गर्न पाएँ ।" उपन्यास लेखनका क्रममा पटक पटक रोल्पा पुगेको अनुभव उनले सुनाए । कलम प्रकाशनले बजारमा ल्याएको उपन्यासमा पढाइमा अब्बल भई नर्स बन्ने सपना देखेकी रोल्पाकी एक किशोरी ईश्वरीको जीवन सङ्घर्षलाई उतारिएको छ ।

सोसाइटीका अध्यक्ष रुपिन्द्र प्रभावीको अध्यक्षतामा भएको कार्यक्रममा गीता लामिछाने, दीपेन्द्र श्रेष्ठ, स्ट्रगल राना, खिम लामिछाने, सुदिप घिमिरे, विष्णु बाँस्तोला, के. आर. ढकाल, विजय भण्डारी, मोती भुजेललगायतले टिप्पणी गरेका थिए । कार्यक्रमको सञ्चालन सहसचिव दीपक पराजुलले गरेका थिए ।

# कृषि बिमालाई प्रभावकारी बनाउने कार्यक्रम बनाऔं - जि.स.स. कास्की प्रमुख पौडेल

पोखरापत्र संवाददाता
पोखरा, ३० मंसिर

जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलले नेपाल सरकारले २०६९ सालबाट कृषि बिमा कार्यक्रम संचालन गरे पनि आम कृषकहरू पूर्ण लाभान्वित हुन नसकेको भन्दै कृषी बिमाको प्रभाबकारिता वृद्धि गर्न आग्रह गर्नुभएको छ।

कमजोर सुचना प्रणालीका कारण बिमा सम्बन्धमा कतिपय आम कृषक जानकार नरहेको तर्फ इङ्गित गर्दै प्रमुख पौडेलले क्षतिपूर्तिका लागि दाबी प्रक्रिया झन्झटिलो, महँगो र बिलम्ब हुने गरेको जनगुनासो रहेको भन्दै बिमाका भुक्तानीका प्रक्रिया समय सापेक्ष परिमार्जन र परिष्कृत गर्नु पर्ने उल्लेख गर्नुभयो। प्रमुख पौडेलले सो कुरा प्रधानमन्त्री कृषी आधुनिकीकरण परियोजना , परियोजना कार्यान्वयन एकाइ कास्कीको आयोजनामा " कृषि बिमा कार्यान्वयनका लागि अन्तरक्रिया कार्यक्रमको शनिबार उद्घाटन गर्दै बताउनु भएको हो।

पौडेलले सरलिकृत बिमा पहुच योग्य बनाउन सके कृषिको जोखिम न्यूनीकरण भएर कृषकहरू आकर्षित हुने जिकिर गर्नुभयो। बिमालेख जारी सहित भुक्तानी प्रक्रिया सरल बनाउन नेपाल बिमा प्राधिकरण समेत विशेष नीति बनाउनु पर्ने उहाको कथन थियो। पौडेलले किसान केन्द्रित किसान मैत्री नीति अति



जरुरी भएको र त्यसको लागि सरकारी निकायहरू सक्रिय हुनुपर्ने उल्लेख गर्नुभयो। बनेका कतिपय ऐन कानुन कागजी रूपमा मात्रै सिमित भएको आफुले पाएको भन्दै तिनीहरुको ब्यबहारिक कार्यान्वयनमा समस्या देखिनु चिन्ताजनक भएको उल्लेख्य गर्नुभयो।

कार्यक्रममा गण्डकी प्रदेश सरकार कृषि मन्त्रालयका सचिब सहदेब प्रसाद हुमागाइ , कृषि बिकास निर्देशनालय गण्डकीका महानिर्देशक बासुदेब रेग्मी, राष्ट्रिय पशु प्रजनन कार्यालय पोखराका प्रमुख डा. जगदीश पाण्डे, पशु तथा मत्स्य बिकास निर्देशनालय गण्डकीका महानिर्देशक डाक्टर प्रेरणा सेढाई भट्टराई, प्रधानमन्त्री कृषी आधुनिकीकरण परियोजना कार्यान्वयन एकाइका गण्डकी प्रदेशका जिल्ला प्रमुखहरू बिमा कार्यान्वयनका सम्बन्धमा मन्तव्य व्यक्त गर्नुभएको थियो। कार्यक्रममा कार्यालयको तर्फबाट प्रमुख रोशन अधिकारी , नेपाल सरकार कृषि मन्त्रालयका वरिष्ठ कृषि प्रसार अधिकृत शिव सुन्दर घिमिरे र नेपाल बिमा प्राधिकरण गण्डकीका केशव दाहाल लगायतले कृषि, पशुपन्क्षी तथ्य जडिबुटी बिमाको अबस्था र कार्यान्वयनका समस्या र चुनौती सहितका बिषयमा भिन्दा भिन्दै कार्यपत्र प्रस्तुत गर्नुभएको थियो।

कार्यक्रममा सरोकारवाला कृषक, कृषी उधमी , बिमा संस्थान र बिमा कम्पनीका प्रमुख तथा प्रतिनिधिहरूको उपस्थिति रहेको थियो। प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना , परियोजना कार्यान्वयन एकाइ कास्कीका प्रमुख रोशन अधिकारीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा स्वागत सो कार्यालयका कृषि अधिकृत सुष्मा घिमिरे र संचालन सामाजिक बिकास अधिकृत गोबिन्द श्रेष्ठले गर्नुभएको थियो।

# जाउँ है पोखरा अभियानका प्याकेज सार्वजनिक

पोखरापत्र संवाददाता
पोखरा, ३० मंसिर

होटल संघ पोखरा नेपालले दुई दशक अघि सुरु गरेको जाउँ है पोखरा अभियान अन्तर्गत भैरहवामा शनिवार आयोजित कार्यक्रममा गण्डकी प्रदेश घुमघामका पर्यटकीय प्याकेज सार्वजनिक गरिएको छ।

संघ र नेपाल पर्यटन बोर्डको संयुक्त आयोजनामा यसपटक पश्चिम नेपाललाई लक्षित गरी शुक्रबारबाट सुरु भएको अभियान अन्तर्गत संघले ५ वटा प्याकेज सार्वजनिक गरेको संघका अध्यक्ष लक्ष्मण सुबेदीले जानकारी दिए।

प्याकेज अन्तर्गत घुमघाम पोखरा, शैक्षिक भ्रमण, मधुमास, पोखरा-मुक्तिनाथ र पदयात्रा प्याकेज रहेका छन्। होटलमा बस्ने, खाने र घुम्ने सम्बन्धी यी प्याकेज दुई रात देखि चार रातसम्मका र तीन हजारदेखि २६ हजार मूल्यविचका रहेका छन्। आन्तरिक पर्यटन नै दिगो पर्यटनको आधार हो भन्ने मान्यता अनुरुप दुई दशक अघि संचालित अभियानले भौरहवाका अतिरिक्त नेपालगंज, धनगढी र महेन्द्रनगर पनि समेटेको छ र अभियान ४ पुस सम्म चल्ने संघका उपाध्यक्ष



दीपक श्रेष्ठले जानकारी दिए।

भैरहवामा आयोजित कार्यक्रमा सिद्धर्थ होटल एशोसिएसनका अध्यक्ष चन्द्रप्रकास श्रेष्ठले उद्घाटनको १८ महिना पुग्दा पनि गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल उचित रुपमा संचालनमा नआउनु दुर्भाग्य भएको बताए। विमानस्थलबाट नियमित अन्तर्राष्ट्रिय उडान संचालन गर्न आफूहरुको दबाबमुलक आन्दोलन जारी रहेको उनले सुनाए

पत्रकार माधव ढुंगानाले पोखरा र गौतम बुद्ध विमानस्थलको यथोचित संचालनका लागि सरकारलाई एकिकृत दबाब दिनुपर्ने सुझाव राखे। पोखरा पर्यटन परिषद्का अध्यक्ष पोम नारायण श्रेष्ठले पोखराको नयाँ विमानस्थलबाट अन्तर्राष्ट्रिय उडानका लागि सरकारलाई दबाब दिइएको र आफुहरुको धैर्यताको बाँध टुटे आन्दोलन गर्न बाध्ये हुने चेतावनी दिए। विमानस्थल संचालन सम्बन्धि मुद्दामा परिषद् को ऐक्यबद्धता उनले सुनाए।

पर्यटन विकास परिषद् लुम्बिनीका कार्यकारी अधिकृत रामु जोशीले पर्यटनलाई अब फरक र एकीकृत ढंगले अगाडि बढाउनुपर्ने भनाई राखे। भारतीय पर्यटकका पाँच सय गाडी बेलहिया नाकाबाट पार हुने गरेको जानकारी पनि उनले दिए। पत्रकार नरेश केसीले पोखरा, लुम्बिनी र चितवनलाई समेटेर गोल्डेन ट्र्याङ्गलको अबधारणा अगाडि बढाउनु पर्ने सुझाव राखे। देशमा १० वर्षे द्वन्द्व चल्दै गर्दा सुरु गरिएको जाउँ है पोखरा अभियानको प्रभाव सकारात्मक पर्दै गएको र अभियानकै कारण देशैभरि नेपालीमा घुम्ने बानीको विकास भएको अध्यक्ष सुवेदीले जानकारी दिए। अहिले पोखरा पुग्ने पर्यटक मध्ये ३५ प्रतिशत हिस्सा नेपालीको रहने गरेको उनले सुनाए। गएको कात्तिक महिनामा पूर्वी नेपालका विभिन्न शहरमा पनि संघले यो अभियान संचालन गरेको थियो। कार्यक्रममा नेपाल पर्यटन बोर्डका वरिष्ठ अधिकृत कुन्दन मिश्रले बोर्डको गठन, बनावट, उद्देश्य र गतिविधिबारे जानकारी गराए। नाट्टा गण्डकीका अध्यक्ष रचना पन्तले पनि कार्यक्रममा भनाई राखेकी थिइन्। पश्चिमबाट पर्यटकलाई पोखरा पठाउने र पोखराबाट समेत पर्यटकलाई पश्चिम पठाउने उद्देश्य पनि कार्यक्रमले लिएको छ। कोभिड १९ बाट थला परेको पर्यटनलाई लयमा फर्काउन समेत यो अभियानले बल दिने आयोजक संघका महासचिव राजेन्द्र ढकालले बताए। पोखराका एक हजार दुई सय होटलमा ४० हजार विस्तारा रहेको र यो क्षेत्रमा १५ हजार जनाले रोजगारी पाएको संघले जनाएको छ।

# शिथिल अर्थतन्त्रलाई चलायमान गराउनु नै महोत्सवको मुख्य लक्ष्य हो-वरिष्ठ उपाध्यक्ष ओझा

पोखरापत्र संवाददाता
पोखरा, ३० मंसिर

लेखनाथ उद्योग वाणिज्य संघले आयोजना गर्न लागेको १९ औं लेखनाथ महोत्सवको तयारी तीव्र पारिएको छ। विगत २०६१ साल देखि अनवरत रुपमा सञ्चालन हुदै आइरहेको महोत्सवले स्थानीयस्तरमा उत्पादित वस्तुको बजार प्रवर्द्धन, कृषिजन्य लघु, घरेलु तथा साना उद्योगबाट उत्पादित वस्तुको प्रबर्द्धन, आवश्यक ज्ञान, उद्यमशीलता र प्रवधि हस्तानतरण गर्न सहयोग पुऱ्याउने र स्वदेशी तथा विदेशी बजार विस्तारमा सहयोग पुऱ्याउने उद्देश्यले महोत्सव आयोजना गरिएको हो।

हाल शिथिल अवस्थामा रहेको देशको अर्थतन्त्रलाई चलायमान गराउनु नै महोत्सवको मुख्य लक्ष्य भएको संघका वरिष्ठ उपाध्यक्ष एवं महोत्सवका सह संयोजक राजेन्द्र ओझाले वताए। "उत्पादक र उपभोक्तालाई एउटै थलोमा जमघट गरि यस क्षेत्रको आर्थिक गतिविधि बढाउने र आन्तरिक एंव बाह्य पर्यटकहरुलाई आकर्षण गरि आन्तरिक पर्यटनलाई सहयोग पुऱ्याउने नै महोत्सवको लक्ष्य हो।"-सह संयोजक ओझाले भने। अहिलेको शिथिल अर्थतन्त्रका बाबजुद पनि विभिन्न व्यापारीक प्रतिष्ठानहरु एवं व्यवसायीहरुबाट प्रायोजनतर्फ महोत्सवलाई राम्रो साथ मिलेको र यसले आफुहरुलाई राम्रो हौसला मिलेको प्रायोजक व्यवस्थापन तथा उप-समिति परिचालन समितिका संयोजक समेत रहेका ओझाले वताए।

महोत्सवमा अटो, शैक्षिक प्रदर्शनी, कृषि, किचन, मेसिनरी, ह्याण्डिक्राफ्ट, गार्मेन्ट, जनरल, फुड एण्ड वेभरेज, डेरी, सूचना तथा प्रविधि, रेष्टुरेण्ट, बैंक तथा वित्तिय संस्थाका स्टलहरु रहनेछन। महोत्सवमा औद्योगिक ब्यापार मेला, हस्तकलाका सामानहरुको प्रदर्शनी तथा बिक्री, दैनिक उपभोग्य वस्तु तथा खाद्यान्नको प्रदर्शनी तथा बिक्री, विद्युतीय उपकरणहरुको प्रदर्शनी तथा बिक्री हुने जनाइएको छ। महोत्सवमा सूचना प्रविधि तथा सञ्चारका उपकरणहरु, पर्यटन तथा लेखनाथ क्षेत्रका गतिविधिहरु पनि प्रदर्शनी गरिनेछ। यस्तै, फुड फेष्टिवल, अटोमोवाइल प्रदर्शनी, वित्तीय तथा अन्य सेवामूलक संघसंस्थाको सेवा तथा जानकारी पनि महोत्सवमा राखिने ओझाले बताए। पुस ५ देखी १६ गतेसम्म सञ्चालन हुने महोत्सवमा दिउँसो लोकदोहोरी कार्यक्रम र साँझमा पप कन्सर्ट हुने भएको छ। दिउँसो लोक दोहोरी कार्यक्रम हुनेछन् भने साँझमा चर्चित व्याण्डहरुले स्टेज तताउने आयोजकले जनाएको छ। महोत्सवको अवसरमा रत्यौली प्रतियोगिता विशेष आकर्षणका रुपमा रहने जनाइएको छ।

लेखनाथ उद्योग वाणिज्य संघ र नेपाल उद्योग वाणिज्य महासंघको आयोजनामा हुने १९ औं संस्करणको महोत्सवलाई पोखरा इको रेड ब्रिक्स प्रा.लि.ले मुख्य प्रायोजन गरेको छ भने सह-प्रायोजकमा पशुपति बिस्कुट र हेटौंडा डेरी, फुड फेस्टीभल प्रायोजकमा न्यूट्रीप्लस शुद्ध तोरीको तेल र प्रर्वद्धकमा पोखरा महानगरपालिका र नेपाल पर्यटन वोर्ड रहेको छ।


# लिटल फ्लावरमा पुरस्कार वितरण समारोह सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, ३० मंसिर

पोखरा महानगरपालिका वडा नं २७ रिठेपानी स्थित लिटल फ्लावर एजुकेशनल एकेडेमीमा पुरस्कार वितरण समारोह सम्पन्न भएको छ।

खेलकुद अन्तरगतका विभिन्न दुरीका दौड, रिले ,भलिवल, फुटवल, बेलुन फुटाई, तातो आलु लगायतका खेलमा उत्कृष्ट विद्यार्थीहरुलाई पुरस्कार वितरण गरिएको हो। कार्यक्रममा प्रिन्सिपल बिकल पौडेलले विद्यार्थीहरुलाई पढाइको साथसाथै खेलकुदका माध्यमले पनि अगाडि वढाउने उदेस्यले बार्षिक कार्यक्रम अन्तरगत स्पोर्टस् संचालन गरिएको र खेलकुद हारजितको लागि भन्दापनि विद्यार्थीको सर्वाङ्गिण विकासको लागि आबश्यक पर्ने बताए।

यसै शैक्षिक सत्रका विभिन्न विधामा उत्कृष्ट विद्यार्थीलाई पुरस्कृत गरिनुका साथै विजयी विद्यार्थीहरुलाई विद्यालयका इञ्चार्ज रामप्रसाद अभिकारी, कक्षा ११,१२का संयोजक बिष्णुहरि पौडेल, मा वि इञ्चार्ज रामकृष्ण आचार्य, प्रा वि इञ्चार्ज हेमा पुन लगायत शिक्षकहरुले विद्यार्थीलाई मेडल प्रदान गरेका थिए। कार्यक्रमको सञ्चालन अतिरिक्त क्रियाकलाप संयोजक विचित्र न्यौपाने, सहसंयोजक लक्ष्मी गुरुङले गरेका थिए।




# राष्ट्रपति रनिङ शिल्डको उपाधि प्रकाश माविलाई

पोखरापत्र संवाददाता
बेनी, ३० मंसिर

म्याग्दी सदरमुकाम बेनीमा शनिबार सम्पन्न बेनी नगरपालिका स्तरीय चौथो राष्ट्रपति रनिङ शिल्ड खेलकुद प्रतियोगिताको उपाधि साविक विजेता प्रकाश माविले जितेको छ।

प्रतियोगितामा २२ स्वर्ण र पाँच रजत पदक प्राप्त गर्दै प्रकाश माविले उपाधि चुमेको हो। उपाधि विजेता प्रकाश माविलाई रु ५१ हजार, रनिङ शिल्ड र प्रमाणपत्रद्वारा पुरस्कृत गरिएको छ। यस्तै प्रतियोगितामा पाँच स्वर्ण, १० रजत र दुई कास्य पदकसहित न्यू वेष्ट प्वाइन्ट आवासीय मावि दोस्रो तथा दुई स्वर्ण, एक रजत र दुई कास्य पदकका साथ माउण्ट एभरेष्ट आवासीय मावि तेस्रो भयो। दोस्रो र तेस्रो हुने विद्यालयले क्रमश : रु ४० हजार र रु ३० हजार पुरस्कार प्राप्त गरे। प्रतियोगितामा २५ विद्यालय सहभागी थिए।

बेनी नगरपालिकाका प्रमुख सुरत केसी, उपप्रमुख ज्योति लामिछाने, शिक्षा विकास तथा समन्वय इकाइका प्रमुख दलबहादुर थापा, प्रतियोगिताका संयोजक एवं सामाजिक विकास समितिका संयोजक चक्र केसी, जिल्ला खेलकुद विकास समितिका अध्यक्ष दिनेश केसीलगायतले पुरस्कार वितरण गर्नुभयो। विद्यालय तहमा रहेका खेल प्रतिभाको पहिचान गर्न प्रतियोगिताबाट मद्दत पुगेको नगर प्रमुख केसीले बताउनुभयो।

तीन दिनसम्म सञ्चालन भएको सो प्रतियोगितामा भलिबल, एथलेटिक्स, कबड्डीलगायत खेलमा विद्यार्थीले प्रतिस्पर्धा गरेका थिए।

# सराङकोट सहकारी १७ औ वर्षमा, रक्तदान कार्यक्रममा ३३ युनिट रगत संकलन

पोखरापत्र संवाददाता
पोखरा, ३० मंसिर

सराङ्गकोट बहुउद्देश्यीय सहकारी संस्थाको १७ औ बार्षिक उत्सवको अवसरमा लायन्स क्लव अफ पोखरा दर्पणको संयुत्त आयोजनामा खुल्ला रक्तदान गरेको छ। रक्तदान कार्यक्रममा ३३ युनिट रगत संकलन भएको थियो।

मानवीय कार्यमा सहकार्यको भावना भन्ने उद्देश्य सहित रक्तदान गरीएको सहकारीका अध्यक्ष कृष्ण बहादुर थापाले बताए। कार्यक्रम शुभारम्भ गदै संस्थाका पुर्व अध्यक्ष एवं लायन्स डिष्टिक प्रमुख प्रेम बहादुर जि.सी ले पहिलो रक्तदातालाई आकस्मीक रक्तदान समुहका प्रमुख हरिश्चन्द्र शर्मा, क्लवका अध्यक्ष एवं इन्जिनियर किरण के.सी लाई ब्लड ब्याग हस्तानतरण गदै सदस्य सेवा सङ्गै सामाजिक कार्यमा लाग्नु नै



सच्चा मानवसेवा भएको बताए। सहकारीका अध्यक्ष कृष्ण बहादुर थापाको सभापत्तित्वमा भएको कार्यक्रममा क्लवका जोन प्रमुख विजेन्द्र शर्मा पुर्व अध्यक्ष राममणी पौडेल, रक्तसंचार केन्द्रका प्रमुख अर्जुन ज्ञवाली, लायन्स लिर्डर अमृत वराल, बालकृष्ण बराल, जनप्रिय क्याम्पसका कोषाअध्यक्ष गणेश बहादुर अधिकारी, कार्यक्रम संयोजक शिव बहादुर थापा ,लायन्स रक्तदान कार्यक्रम प्रमुख जितेन्द्र शाक्य, संस्थाका सचिव कुल प्रसाद सुवेदी लगायतले आ आफ्नो धारणा राखेका थिए। २०६३मा स्थापित सहकारीले स्थापना देखी नियमित रक्तदान सहित विविध सामाजिक कार्यमा सकृय रहदै कुल ६० करोड को कारोबार सहित कर्जा लगानी ५३ करोड रहेको छ। संस्थाले समुदायको लागी रेडियो सराङ्गकोट संचालन गदै आएको छ।